हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्ट्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १६३ पृष्ठ : ४ २०७७ माघ ०१ गते बिहीबार (Thursday 14 January 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

### गोलबजारमा पुष्पलाल स्मृती ब्याडमिन्टन सुरु
## रत्न र प्रिन्सको विजयी सुरुवात

**गोलबजार ।** योनेक्स सनराईज १० औं पुष्पलाल स्मृती राष्ट्रिय र्‍याङ्किङ्ग ब्याडमिन्टन प्रतियोगिता बुधबार सिरहाको गोलबजारमा सुरू भएको छ ।






नेकपा निकट खेलकुद महासंघ अन्तरगतको राष्ट्रिय ब्याडमिन्टन संघ तथा गोलबजार नगरपालिकाको संयुक्त आयोजनामा भएको प्रतियोगिताको खेलकुद महासंघका संयोजक पूर्व युवा तथा खेलकुद मन्त्री पुरूषोत्तम पौडेलले एक कार्यक्रम बीच उद्‌घाटन गरे । प्रतियोगिताको उदघाटन गर्दै संयोजक पौडलले ठूला कबर्ड हल र रंगशाला निर्माणले मात्र खेलकुदको विकास नहुनेभन्दै खेलाडीमै लगानी गर्नुपर्ने बताए । पछिल्ला दिनहरूमा स्थानीय तहहरूले कबर्डहल, रंगशाला जस्ता भौतिक पूर्वाधारका काम गरेपनि खेलाडीहरूमै भने कम लगानी गरेको उनले बताए । गोलबजार नगरपालिकाका प्रमुख देवनाथ साहको अध्यक्षतामा उदघाटन कायक्रम सम्पन्न भएको थियो ।

प्रतियोगितामा खेलाडी तर्फ राष्ट्रिय नम्बर १ खेलाडी रत्नजित तामाङ्ग र निर्णायकको तर्फबाट अन्तराष्ट्रिय निर्णायक एवं प्रतियोगिता रेफ्रि किरण कारञ्जितले प्रतियोगिताको मर्यादालाई मध्यनजर राख्दै बिश्व ब्याडमिन्टन महासंघ, एशियाली ब्याडमिन्टन महासंघ र नेपाल ब्याडमिन्टन संघको नीति, नियम भित्र रहि सहभागी हुने र प्रतियोगिता खेल्ने खेलाउने प्रतिबद्धता जनाए । प्रतियोगितामा नेपाल ब्याडमिन्टन संघसंग आवद्ध ४७ जिल्ला तथा तीन विभागिय टोलीका खेलाडीहरूले उपाधीका लागि प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगितामा पुरूष तर्फ राष्ट्रिय १६ र्‍याङ्किङ्ग र महिला तर्फ राष्ट्रिय १२ र्‍याङ्किङ्ग खेलाडीहरूको छुट्टै प्रतिपर्धा हुनेछ । यस्तै त्यस देखि बाहेककाको पुरूष र महिल एकल तथा युगल, ब्वाईज र गर्ल्स १७ तथा भेट्रान्स ४५ माथी गरी ९ विधामा प्रतिस्पर्धा हुनेछ ।

**रत्न र प्रिन्सको विजयी सुरूवात**

राष्ट्रिय नम्बर एक खेलाडी रत्नजित तामाङ्ग र बिश्व जुनियर नं. ११ औं खेलाडी प्रिन्स दाहालले प्रतियोगिताको पहिलो दिन राष्ट्रिय १६ र्‍याङ्किङ्गको प्रतियोगितामा

बाँकी ३ पेजमा

## मुक्सार क्षेत्रमा जंगली हात्ती आतंक

लहान । सिरहाको उत्तरवर्ती चुरे क्षेत्र आसपासका बस्तीमा जंगली हात्तीले आतंक मच्चाएको छ । जंगली हात्तीले गएराति गोबलार नगरपालिका–१ मुक्सारका ७ वटा घरहरू भत्काएपछि स्थानीय वासिन्दा त्रसित बनेका छन् ।

जंगली हात्तीले स्थानीय समस्ती आलेमगर, आन्तलाल आलेमगर, साङ्ले विश्वकर्मा, लालबहादुर साह, महेन्द्र ठाकुर, भुवन मगर सहित ७ जनाको घर भत्काएको वडाध्यक्ष देववहादुर मगरले जानकारी दिए ।

दुई दिनदेखि निरन्तर राती बस्ती छिर्ने गरेको जंगली हात्तीले घरमा रहेको धान

बाँकी ४ पेजमा

## अवैध रकमसहित दुई जना पक्राउ
### सीमा क्षेत्रमा स्रोत नखुलेको रकम ओसारपसार बढ्यो

**लहान ।** पछिल्लो समय सीमा क्षेत्रमा स्रोत नखुलेको रकमको ओसारपसार बढेको छ । भारतमा कोभिड–१९ को संक्रमण बढ्न थालेपछि गएको चैत ११ गतेबाट नेपाल भारत सीमाक्षेत्र नाका बन्द गरिएको छ । तर अवैध काम गर्नेहरू चोरबाटो हुँदै वारपार गर्छन् ।



सिरहा प्रहरीले अवैध रकमसहित बुधबार सिरहाबाट दुई जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार स ८ प ९६१४ नम्बरको मोटरसाइकललाई चेकजाँचका क्रममा स्रोत नखुलेको अवैध ९ लाख ३९ हजार ९ सय १५ नेपाली रूपैयाँसहित बरियारपट्टी गाउँपालिका–२ का ४० वर्षीय मोहम्मद सगिर मियाँ र २४ वर्षीय मेहदि मंसुरलाई पक्राउ गरेको हो ।

पक्राउ परेकाको बारेमा अनसुन्धान भइरहेको प्रहरीले जनाएको छ । चारदिन अघि पनि अवैध रकमसहित प्रहरीले सिरहा हकपाराका एक जनालाई पक्राउ गरेको थियो । जिल्ला

बाँकी ३ पेजमा

## बगैंचा सहितको जग्गा बिक्रीमा

**लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, ७ फिट भन्दा अग्लो टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।**

**सम्पर्क नम्बर : ०३३–५६०२१९**
**मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०**







## फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरू**
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरू**
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## नैनपुरका महिलाको उदाहरणीय काम

**केही दशक अघिसम्म घरभित्र चुलोचौकामा सीमित हुने महिला अहिले आर्थिक उपार्जन गर्न मात्र होइन रोजगारी सिर्जना र गरिबी निवारणका कार्यमा पनि संलग्न भइरहेको अवस्था छ । पुरुषका तुलनामा महिलाहरु धेरै पछि परेका छन् । तर पनि महिलाहरु अगाडि बढ्न सक्ने सम्भावनाप्रति आशावादी हुनुको विकल्प छैन । विविध कारणले पछाडि पारिएका महिलाहरुलाई व्यावहारिक रुपमा सशक्तिकरण गर्न/गराउन नसकेसम्म समृद्ध नेपालको कल्पना एउटा खोक्रो सपना मात्रै सावित हुन सक्नेछ ।**

**शक्तिपीठमा महिलाको निर्णायक भूमिकाले स्थायित्व नपाएसम्म महिलाहरु समग्रमा शक्तिशाली भएको भनिहाल्न सक्ने अवस्था अहिल्यै भइसकेको छैन । महिलाहरुलाई बुझ्ने, व्याख्या गर्ने, हाम्रो समाजको चश्मा एकदमै पूर्वाग्रहपूर्ण देखिन्छ । महिलाहरुलाई पुरुषका सहायक मात्र ठानी उनीहरुको स्थान घरभित्रका कार्यमा सीमित भएको कुरा महिला विकास क्रमको लामै इतिहासबाट पनि थाहा हुन्छ । वर्तमान अवस्थामा महिलाको स्वतन्त्रता र अधिकारको विषयमा सर्वत्र बहसको विषय बने पनि महिलाले व्यावहारिक रुपमा उन्मुक्त भई खुला आकाशमुनि स्वाश फेर्न सक्ने वातावरण अझै बनिसकेको छैन ।**

**महिलाहरुलाई अनेकौं अवसरवाट बञ्चित गरी राज्यको मूल धारमा आउन नदिएकै कारण उनीहरुले पुरुष समान समाजमा पहिचान बनाउन सकिरहेका छैनन् र उनीहरु असक्षम छन् भन्ने आरोप सहन पनि बाध्य पारिएका छन् । महिलाले निर्वाह गर्नुपर्ने भूमिका दोहोरो हुने गर्दछ । एकातिर महिलाहरुलाई समाजमा देवी, दुर्गा, लक्ष्मी भनी पूजिन्छ, त्यही समाजमा अर्कोतर्फ श्रीमती बुहारीमाथि अमानवीय व्यवहार गरी ज्यूँदै जलाउने, कुट्ने पिट्ने, मानसिक यातना दिएर तनावग्रस्त बनाउने जस्ता अनगिन्ती उदाहरणहरु पनि समाजभित्र पर्याप्त देखिँदै आएका छन् । यही नियन्त्रण र अंकुशको घेराभित्र बसेर महिलाले आफ्नो व्यक्तित्व वृद्धि गरी पुरुषसँग प्रतिस्पर्धा गर्नुपर्ने बाध्यता यथावतै छ ।**

**चुलोचौका पछि घरमा त्यसै दिन बिताउने गरेकी सिरहा धनगढीमाई नगरपालिका–११ नैनपुरकी महिलाहरु अहिले सामूहिकरुपमा बंगुर, माछापालनसँगै तरकारी खेती गरेर कामकाजी बनेका छन् । हरियाली आमा बचत समूह गठन गरी सामूहिक कृषिकर्ममा सक्रिय भएपछि अहिले उनीहरु बेफुसर्दिला बनेका हुन । यसले महिलामा सामूहिक सशक्तीकरणको चेत पलाउन थालेको सन्देश दिन्छ । अहिले समूहका महिलाहरु हातमा सीप नहुदा घरधन्दा र चुलोचौकाको कामपछि अरुबेला त्यसै दिन बिताएकोमा पछुतो मान्छन् । समूहमा मिलेर काम गर्दा सामूहिक भावनाको विकास हुदो रहेछ भन्ने चेतपनि खुलेको छ । समूहमा आबद्ध महिलाहरुले आयआर्जनका लागि सामूहिक खेतीसँगै मासिक बचत समेत गरेर बचत गर्ने बानीको विकास गरेको छ ।**

**नैनपुरका महिलाहरुको यस कार्यले केही दशक अघिसम्म घरभित्र चुलोचौकामा सीमित हुने महिला अहिले आर्थिक उपार्जन गर्न मात्र होइन रोजगारी सिर्जना र गरिबी निवारणका कार्यमा पनि संलग्न भइरहेको अवस्था झल्काउँछ । तसर्थ जब महिला समाजमा च्यालेन्जरका रुपमा उभिनेछन् तब समाजले विकासको फड्को मार्नेछ । अनि मात्र महिलाले पनि सपना देख्ने र पूरा गर्ने आकांक्षा सजिलै पूरा गर्नेछन् ।**

# अधिनायकवाद बाजा बजाएर आउँदैन

लोकतन्त्र भनेको मानिसमा अन्तर्निहित प्राकृतिक चाहना हो । जो, संस्कारका रूपमा विकसित हुन्छ र जीवनको अभिन्न अंग भएर बसेको हुन्छ । यस्तो चाहना व्यक्तिले समाजको क्रिया वा प्रतिक्रियाको आधारमा व्यक्त, अव्यक्त वा सांकेतिक रूपमा अभिव्यक्त गरिरहेको हुन्छ ।

मानिसको चेतनास्तरको विकाससँगै उसको वैयक्तिक स्वतन्त्रता र व्यक्तिगत वा सामाजिक उन्नयनको ध्येय प्रकट वा अप्रकटरूपमा बारम्बार मुखरित हुँदै आएको छ । अधिनायकवादको जञ्जिर फोर्न हरेक प्रयत्न गरेको छ । चाहे त्यो घर होस् या राज्य, अधिनायकवाद कसैको पनि प्रिय हुन सकेको छैन । यद्यपि, राज्यको सिर्जना पराधीनताबाट गणको रक्षाका लागि भएको भए पनि गणाधिपतिबाट हुने अधिनायकवाद स्वीकार्य थिएन भन्ने कुरो गणभित्रै हुने विद्रोहका कथाहरूले प्रस्ट पारेका छन् ।

जब राज्यले व्यक्तिको नैसर्गिक अधिकारमाथि अवैधानिकरूपमा नियन्त्रण वा नियोजन गर्न थाल्छ, नागरिकिहरूको स्वतन्त्रता सीमित वा संकुचन गर्ने प्रयत्न गरिन्छ त्यस प्रकारको बन्धनबाट मुक्तिका लागि नागरिक आन्दोलन वा विद्रोह भएका उदाहरण विश्व इतिहासमा पढ्न पाइन्छ । पराधीनताबाट रक्षाका लागि बलियो सरकार र राज्य संयन्त्र चाहिने र निरंकुश सत्ताबाट स्वतन्त्रता पनि चाहिने जस्तो द्वन्द्वात्मक अवस्थावाट नागरिक समाज शदीयौंदेखि गुज्रिँदै आएको छ ।

लोकतन्त्र एक किसिमको स्वराज हो, जसमा सरकारले लिने हरेक निर्णयमा बहुसंख्यक जनताको प्रभाव रहेको हुन्छ ( ब्रियन एस. रोबट, हिस्ट्री अफ डिमोक्रेसी) । यस्तो स्वराजको अभ्यास परापूर्वकालदेखि विभिन्न स्वरूपमा हुँदै आएको छ । लोकतन्त्रको इतिहासमा विश्वमा तीन किसिमको (एथेनियन, उदार प्रतिनिधिमूलक र समानुपातिक, समावेशी सहभागितामूलक) विशिष्टीकृत लोकतन्त्रको विकास एवं अभ्यास भएको देखिन्छ ।

लोकतान्त्रिक शासन व्यवस्थाको अभ्यास गर्दै जाँदा समयक्रममा यसको पतन एवं पुनरूत्थान भएका छन् । यस किसिमको परिवर्तन समाजमा लगातार भइरहने आन्तरिक एवम् अन्तर्द्वन्द्व र ती अन्तर्द्वन्द्वहरूलाई व्यवस्थापन गर्न नसक्नु नै प्रमुख कारक र कारणका रूपमा देखिएका छन् ।

सामाजिक अन्तर्द्वन्द्वलाई समयमा निरूपण एवम् निकास दिन नसक्दाको परिणाम तानाशाहहरूको पुनरूदय भई लोकतन्त्र नासिएका पनि देखिएका छन् । वर्तमान

**राजाराम बर्तौला**

समयको लोकतन्त्रको उदयलाई हेर्ने हो भने पनि मूलतः बेलायती (सन् १६४०(८९), अमेरिका ( सन् १७७६(९०) र फ्रेन्च ( १७८९(९५) लाई महत्वपूर्ण मानिएका छन् र यी मुलुकमा लोकतन्त्रका लागि भएको संघर्ष र त्यसबाट सिर्जित शासन व्यवस्थाको मूलभूत गुण एवम् ढाँचाको बौध्दिक एवं राजनीतिक प्रभाव संसारभरिको लोकतन्त्रमा कुनै न कुनै अंशमा परेको देखिन्छ ।

बेलायत, जसलाई संसदीय लोकतन्त्रको जननी मानिन्छ, त्यहाँ पनि राजालाई फालेर गणतन्त्रको अभ्यास गरिएको थियो । छोटो अवधिमा नै 'यद्यपि, राजाको शासन अधिनायकवादी हो तथापि असंख्य सम्भ्रान्तहरुको अधिनायकवादभन्दा कता हो कता उत्तम हुन्छ' (सन् १६६० मा बेलायती संसदीय भाषण, म्यानिङ २००३ : १९६) भन्दै राजतन्त्र पुनःस्थापना गरिएको थियो ।

फ्रान्सको अहिले भइरहेको गणतन्त्रलाई पाँचौं गणतन्त्र भनिन्छ । फ्रान्समा राजा फालेर ल्याएको गणतन्त्रले अर्को नेपोलियन बोनापार्टको अधिनायकवाद जन्माएको थियो । जर्मनीमा लोकतान्त्रिक संविधानअन्तर्गत निर्वाचित संसद्ले नै हिटलर जन्माएको थियो ।

लोकतन्त्रमाथि जबजब प्रहार हुन्छ र तानाशाही प्रवृत्तिको उदय हुन्छ, जनताका मूलभूत अधिकार र स्वतन्त्रतामाथि राज्यको हस्तक्षेप र हमला हुन्छ त्यसविरूद्ध जनता गोलबन्द भई विरोधमा उत्रनु उसको नैसर्गिक अधिकार र कर्तव्य हुन्छ । लोकतन्त्रमा परिवर्तन र समृध्दिको चाहना अनुभूत गर्न पाएनन् भने उनीहरूमा वर्तमान शासन शैलीसँग बेचैनी, छटपटी र वितृष्णा बढ्छ । यस्तो अवस्थामा मौकाको फाइदा लिन तीक्ष्ण र धूर्त राजनीतिक खेलाडी, भित्री एवं बाहिरी कुटिल



असामाजिक तत्वहरूले आफ्नो अभीष्ट साधनाका लागि राजनीतिक धारलाई अव्यवस्था एवम् अशान्ति सिर्जना गरी खेल्ने अवसर प्राप्त गर्छन् ।

नेपाली जनताले लोकतन्त्रका लागि एकपटक होइन बारम्बार आन्दोलन गरी रगत बगाएका छन् । आफू र आफ्ना सन्ततिहरूका लागि उज्ज्वल भविष्यको कामना गर्दै बगाइएका रगतको सम्मान गर्न राज्य सधैँ चुकेको छ । चाहे त्यो २००७ सालको परिवर्तनले ल्याएको अवसर होस् वा २०४७ र २०६२/६३ कुनै न कुनै बहानामा लोकतन्त्रको चीरहरण भएको छ । लोकतन्त्रको उपहास गरिएको छ । जनताको अभिमतलाई अपमान गरिएको छ । जनताको परिवर्तनप्रतिको चाहना केही सीमित नेताहरूको आत्मरति भएको छ । जनताको विश्वसमा घरीघरी आघात हुँदै आएको छ ।

२०६२/६३ को राजनीतिक परिवर्तनले संघीयतासहितको लोकतन्त्र र गणतन्त्रको यात्रा तय गऱ्यो । त्यसैबमोजिम संविधान निर्माण भई सरकार गठन भए । सुखी र समृद्ध नेपाल बन्ने सपना घरघरमा पुऱ्याइए । परिवर्तनको अनुभूति गर्न नपाएका जनता फेरि एक पटक सडकमा आउन बाध्य पारिएको छ । सडकमा, 'राजा आऊ, देश बचाऊ' भन्दै नारा लाग्न थालेको छ । परिस्थिति सन् १६६० को बेलायतको संसदीय भाषणमा भनिएकै जस्तो 'अनेकौं सम्भ्रान्तहरुको अधिनायकवादभन्दा एउटै राजा ठीक' भन्ने अवस्था सिर्जना गर्न खोजिएको छ । मुलुकका लागि र लोकतन्त्रका लागि यो शुभसंकेत अवश्य नै होइन ।

अधिनायकवाद ताली ठोकेर वा ढोलक बजाएर आउने होइन । शासकहरूको शासन गर्ने वृत्ति, मनोकांक्षा, महत्वाकांक्षा, बढ्दै जाँदा नागरिकहरुको मूलभूत अधिकारमाथि नियन्त्रण बढाउँदै लगी मनोवाञ्छित उद्देश्य प्राप्तिका लागि संवैधानिक बाधा(व्यवधानहरु आफू अनुकूल व्याख्या गर्दै अघि बढ्ने हुन्छन् । संविधानले व्यवस्था गरेका स्वतन्त्र नियामक निकायमाथि क्रमशः अतिक्रमण गर्दै त्यस्ता संस्थाहरूलाई निष्क्रिय र निस्तेज गर्दै गई राज्यका अन्य अंगहरूका अधिकारलाई पनि एक व्यक्ति वा सानो कोटरीमा सीमित गरी राज्य सञ्चालन गर्ने प्रवृत्ति हाबी हुन्छ ।

यस्तो अवस्थामा पनि त्यसको विपक्षमा आवाज उठेनन् भने, परोक्षरूपमा प्रश्नहरु गरिएन भने लोकतान्त्रिक संस्थाहरु निर्बल हुन पुग्छन् जसले अधिनायकवादलाई जन्म दिने अवसर प्रदान गर्छ । जनता सहज पहरेदार भएनन् भने थाहै नपाई अधिनायकवादको पुनरागमन भइसकेको हुनेछ । थाहै नपाई लोकतन्त्र परतन्त्र भइसकेको हुनेछ र जनता विवश र लाचार भएर अर्को अवसरको लामो प्रतीक्षामा बस्नुबाहेक अर्को उपाय हुनेछैन ।

नेपाल अहिले यही अवस्थाको चौराहमा खडा भएको छ । कुन दिशा जाने हो, हाइवे वा उबडखाबड कार्ट वे । माई वे वा योर वे ? चुनौती हाम्रो सामु छ । छनोट हाम्रो हो, लोकतन्त्र, परतन्त्र या अधिनायकवाद । यहाँ परतन्त्रवाद भनेको विदेशी चलखेल र हस्तक्षेपलाई भनिएको हो । जतिजति हाम्रो आन्तरिक अवस्था खलबलिन्छ, त्यति त्यति विदेशी चलखेललाई अवसर प्राप्त हुन्छ र त्यो परोक्षरूपमा देखिएको पनि छ ।

आन्तरिक अवस्था र अस्थिरतामा हाम्रो स्वतन्त्रताको, लोकतन्त्रको र विकासको चाहना र त्यसको प्रवर्धनविपरीत विदेशीका निहित एजेन्डाहरूले प्रश्रय पाउने अवस्था आउन दिनु परतन्त्र स्वीकार्नु सरह नै हो । मुलुकको बेथितिको अवस्था आँखै अगाडि देखिँदा चेतनशील नागरिक समाज उठ्ने बेला भएन र ? नेपालको यो लोकतन्त्र तेस्रो भर्सन हो । हामी कतै चौथो भर्सनको लागि प्रतीक्षा गरिरहेका त छैनौं ?

*साभार : इकागजबाट*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- इष्टमित्रसंग भेटघाट गर्ने अवसर जुट्नेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । प्रेमीको सहयोग मिल्नेछ ।

**वृष** :- सानातिना बाधा-अड्चन आइलागे पनि काम रोकिने छैन । कार्य सम्पादनमा सहजता मिल्नेछ । विद्या र बुद्धिके विकास हुनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**मिथुन**:- आज कुनै कुरामा वैचारिक मतभेद सिर्जना हुनसक्छ । साना-तिना समस्यामा अल्झिनुपर्नेछ । परिवारीक समस्या पनि बढ्न सक्छ ।

**कर्कट** :- कला, साहित्य तथा संगीतमा रूचि बढ्नेछ । मनोरञ्जनको क्षेत्रमा गरेको लगानीबाट श्रीः प्राप्ति हुनेछ । आर्थिक क्षेत्रमा राम्रै सफलता मिल्ला ।

**सिंह**:- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । चिताएको कामले तीव्रता लिनेछ । गरेको कार्यमा सफलता पाईनेछ । पुनर्मिलनको योग रहेको छ ।

**कन्या** :- आज शुभकार्यको चर्चा चल्ने र नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला । सांस्कृतिक क्षेत्रबाट सफलता मिल्नेछ ।

**तुला** :- आज मानसिक चिन्ता बढेपनि श्रमको उचित मुल्यांकन हुनेछ । धर्म कर्ममा मन लाग्नेछ । सबै काम यथावत् रूपमा सम्पन्न हुँदै जानेछन् ।

**वृश्चिक** :- सौन्दर्यतामा धन खर्च हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । आँटेको र ताकेको कार्य पुरा होला । परिवारसँग समय बिताउने अवसर जुट्नेछ ।

**धनु** :- वाक्चतुर्याईँले संकल्प सिद्ध हुनेछ । वित्तिय संस्थाबाट सहयोग पाईनेछ । प्रेम सम्बन्ध कसिलै होला । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**मकर**:- आत्मविश्वास बढ्नेछ । सामाजिक कामको दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ । आफन्तसंग भेट पनि हुनेछ ।

**कुम्भ**:- सामान हराउने वा चोरी हुने भयछ । टाउको दुख्ने तथा रूघा लाग्नेजस्ता समस्याले सताउन सक्छ । आत्मबल बढाएर काम गरेमा लाभ मिल्नेछ ।

**मिन** :- गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आस्था बढ्नेछ । कृषि तथा पशुपालनमा त्यति लाभ नभए पनि व्यापारमा प्रशस्त फाइदा हुने योग छ ।

## रत्न...

आआफ्ना प्रतिद्वन्द्विलाई पराजित गर्दै विजयी सुरुवात गरेका छन् ।

लिगको पहिलो खेलमा सेनाका रत्नले एपिएफलका सुमन लिम्बुलाई २१/७, २१/११ ले तथा दोश्रो खेलमा एपिएफका गौतम कठायतलाई २१/१८, २१/१२ को जित निकाले । यस्तै सिल्क ग्रुपका प्रिन्सले पहिलो खेलमा पुलिसका जीवन आचार्यलाई २१/१६, २१/११ ले तथा दोश्रो खेलमा सेनाका रुकेश महर्जनलाई २१/१२, २१/१३ ले पराजित गरे ।

यसैगरी एपिएफका दीपेश धामीले बाँकेका ईरफान अन्सारीमाथी २१/११, २१/७ ले तथा पुलिसका सुनिल जोशीमाथी २१/१८, २१/११ को जित निकाले । सेनाका प्रफुल महर्जनले पुलिसका दीपक बोहरामाथी २१/८, १९/२१ र २१/८ तथा भोजपुरका विकास श्रेष्ठमाथी २१/१७, २१/२३, २४/२२ को जित निकाले ।

यसैगरी सेनाका नविन श्रेष्ठले दोहोरो जित निकाल्ने क्रममा पहिलो खेलमा पुलिसका सुनिल जोशीलाई ९/२१, २१/१७, २१/१७ तथा दोश्रो खेलमा बाँकेका ईरफान अन्सारीलाई २१/७, २१/१३ ले पराजित गरे । जित निकालेर अघि बढ्ने क्रममा भोजपुरका खेलाडी विकास श्रेष्ठले एपिएफका विजीत थापामगरमाथी २१/१६, २१/१९, सेनाका रुकेश महर्जनले एपिएफका साजन कृष्ण ताम्राकारमाथी २१/१२, ९/२१, २१/१८ले, एपिएफका गौतम कठायतले धादिङका सुदीप सेंढाईलाई २१/९, २१/१०ले, एपिएफका सुमन लिम्बुले सेंढाईलाई २२/२०, २१/१० ले पराजित गरे । प्रतियोगिताको अन्तिम लिग बिहिबार हुने रेफ्रि किरण कारञ्जितले बताए ।

यस्तै महिला राष्ट्रिय १२ न्याङ्किङ्ग लिग प्रतियोगितामा एपिएफकी शोभा गौचनले धादिङकी तारा आलेलाई २१/१२, २१/११ले, सेनाकी अनुमाया राईले जेष्ट ब्याडमिन्टन एकेडेमीकी मनिषा खड्कालाई २१/६, २१/५ले, सेनाकी रशिला महर्जनले तारा आलेलाई २१/३, २१/३ ले तथा एपिएफकी जेशिका गुरुङ्गले मनिषालाई २१/५, २१/४ ले पराजित गरिन ।

यसैगरी भोजपुरकी नङ्शलदेवी तामाङ्गले विराट ब्याडमिन्टन क्वलकी २१/१९, २१/१२ ले तथा सेनाकी अमिता गिरीले एपिएफकी सुनैना मुखियालाई २१/१५, २०/२२, २१/१५ ले पराजित गरिन ।

पुरुष एलकलको राष्ट्रिय १६ न्याङ्किङ्ग बाहेकका प्रतिस्पर्धामा विर्ता ब्याडमिन्टन क्लबका नविन सिलवाल, भोजपुरका बिशाल तामाङ्, कैलालीका रोशन खत्री, कञ्चनपुरका सुरभ बम र साईनो एस.एच.का सुजन थाप पनि आआफ्ना प्रतिद्वन्दीलाई पराजित गर्दै दोश्रो चरणमा प्रवेश गरे ।

## अवैध...

प्रहरी कार्यालय सिरहाका अनुसार चेकजाँचका क्रममा स्रोत नखुलेको अवैध ३१ लाख ८९ हजार रूपैयाँसहित सिरहा नगरपालिका-२२ का ३९ वर्षीय शिवनाथ यादवलाई पक्राउ गरेको हो ।

पक्राउ परेका यादवसहित नगद कारवाहीका लागि ललितपुरस्थित सम्पत्ती शुद्धिकरण विभागमा पठाइएको थियो ।

# धनगढीमाई नगरपालिका
## Dhangadhimai Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal

## कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना ।

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७७।१०।०१ गते)**

धनगढीमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत सञ्चालनमा रहेको नयनपुर अस्पताल, प्राकृतिक/आयुर्वेदिक अस्पताल र आधारभूत स्वास्थ्य संस्थाहरुमा कार्य गर्न स्वास्थ्यकर्मी लगायतका जनशक्तिको आवश्यकता रहेकोले देहायको पद र संख्यामा सेवा करारमा पद-पूर्ति गर्नुपर्ने भएकले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तोकिए बमोजिम नेपाली नागरिकताको प्रमाण-पत्र र शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि तथा नगरपालिकामा राजश्व दाखिला सक्कल रसिदको प्रति संलग्न राखी दरखास्त फाराम पेश गर्नुहुन अनुरोध गरिन्छ।

**तपसिल:**

| क्र.सं. | पद | शैक्षिक योग्यता | आश्यक संख्या |
|---|---|---|---|
| १. | स्टाफ नर्स | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह PCL Nursing (Staff Nurse) उतिर्ण गरेको। | ३ जना |
| २ | हे.अ. | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह (Health Assistant) उतिर्ण गरेको। | ३ जना |
| ३ | रेडियो ग्राफर | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह (Radiography) उतिर्ण गरेको। | १ जना |
| ४ | कविराज | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण-पत्र तह (कविराज/आयुर्वेदिक) कोर्ष उतिर्ण गरेको। | १ जना |
| ५ | ल्याब टेक्निसियन | मान्यता प्राप्त शैक्षिक संस्थाबाट Medical Laboratory Technician कोर्ष उतिर्ण गरेको। | १ जना |
| ६ | अ.न.मी. | मान्यता प्राप्त शैक्षिक संस्थाबाट ANM कोर्ष उतिर्ण गरेको। | ६ जना |
| ७ | अ.हे.ब. | मान्यता प्राप्त शैक्षिक संस्थाबाट AHW/CMA कोर्ष उतिर्ण गरेको। | ६ जना |
| ८ | बैध | मान्यता प्राप्त शैक्षिक संस्थाबाट बैध/आयुर्वेदिक कोर्ष उतिर्ण गरेको। | १ जना |
| ९ | एम्बुलेन्स चालक (ह.स.चा.) | साधारण लेख पढ जान्ने। | १ जना |
| १० | कार्यालय सहयोगी | साधारण लेख पढ जान्ने। | ७ जना |
| ११ | स्वीपर | साधारण लेख पढ जान्ने। | १ जना |

द्रष्टव्यः

१. **दरखास्त बुझाउने अन्तिम मितिः** सूचना प्रकाशित मिति देखि १५ औं दिन कार्यालय समयभित्र (अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट), म्याद नाघी आएको आवेदन मान्य हुनेछैन।

२. **दरखास्त शूल्कः** स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, रेडियो ग्राफर, कविराज, ल्याब टेक्निसियन पदको लागि रु.८००।-, अ.न.मी., अ.हे.ब. र बैध पदको लागि रु.६००।-, एम्बुलेन्स चालक (ह.स.चा.) पदको लागि रु.५००।- र कार्यालय सहयोगी/स्वीपर पदका लागि रु.४००।- मात्र।

३. **परीक्षाको किसिमः** (क) स्टाफ नर्स, हेल्थ असिस्टेन्ट, रेडियो ग्राफर, कविराज, ल्याब टेक्निसियन, अ.न.मी., अ.हे.ब. र बैध पदको लागि लिखित, मौखिक परीक्षा र अन्य पक्षको मूल्याङ्कन द्वारा छनौट गरिने छ। (ख) एम्बुलेन्स चालक पदको लागि सिप परीक्षण, अन्तर्वाता र अन्य पक्षको मूल्याङ्कनबाट छनौट गरिने छ। (ग) कार्यालय सहयोगी र स्वीपर पदका लागि अन्तर्वाता र अन्य पक्षको मूल्याङ्कनबाट छनौट गरिने छ।

४. **उमेर हदः** ह.स.चा., का.स. र स्वीपरको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र अन्य पदको हकमा सम्बन्धित पदको लागि लोकसेवा आयोगले तोके बमोजिमको हद।

४. **परीक्षा मितिः** दरखास्त बुझाउने अन्तिम मितिको भोलि पल्ट जानकारी गराईनेछ।

५. **दरखास्त फारमः** यस कार्यालयको website http://www.dhangadhimaimun.gov.np बाट Download गर्नुहुन।

६. **आवेदन बुझाउने स्थानः** धनगढीमाई नगरकार्यपालिकाको कार्यालय, प्रशासन शाखा।

७. **थप जानकारीको लागिः** कार्यालय समयभित्र यस कार्यालयमा वा कार्यालयको टेलिफोन नं. ०३३-५४५२७१, ९८४२८३९१०९, ९८०२३१९२५१ मा सम्पर्क गर्न सकिनेछ।

**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

*नोट :- "पेश गरिने सबै कागजातहरुको प्रतिलिपीहरुको पछाडिपट्टी उम्मेदवार स्वंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।"*

# राहदानी हराएको सूचना

**मिति २०७७/९/५ गते घरदेखि सिरहासम्म जाँदा मेरो राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।**

**नाम** : काशिन्द्र ठाकुर
**ठेगाना** : भोक्राहा-५, सिरहा
**राहदानी नं.** : ०७५५३१६५

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०५७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमै गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

मुक्सार... चामल खाने, छर्नै गरेको वडाध्यक्ष मगरले सुनाए । गरिबहरूले जोहो गरेर राखेको थोरै धान चामल, माघे संक्रान्तिको लागि जोहो गरेको च्यूरा, मूरही हात्तीले खाने र छरिदिने गरेको उनले बताए । पछिल्लो दुई दिनले हात्ती गाउँ पसेपछि स्थानीय रातभर जाग्राबम बस्न बाध्य छन् । दिनभरी नजिकैको जंगलमा बस्ने र राति गाउँ पस्ने गरेको स्थानीयको भनाइ छ ।

# धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal

## कर्मचारी सेवा करारमा लिने सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति : २०७७।१०।०१ गते)**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत यस नगरपालिकाको लागि १ (एक) जना सूचना प्रविधि अधिकृत (IT Officer) को सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुदाँ यस पदको लागि योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त आह्वान गरिन्छ।

| क्र.सं. | पद | तह | आवश्यक संख्या | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | सूचना प्रविधि अधिकृत (IT Officer) | अधिकृतस्तर छैठौं | १ (एक) | रु.१,०००।- (एक हजार रुपैया मात्र) | |

१. **शैक्षिक योग्यता**: लोकसेवा आयोगले लिने कम्प्यूटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information Technology वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIC, BEIT, BSc CSIT, BE Electronics and Communication Engineering, B-Tech Electronics and Communication Engineering) को उपाधि हासिल गरेको।
२. **परीक्षाको किसिम**: (क) लिखित, प्रयोगात्मक परीक्षा, अन्य पक्षको मूल्याङ्कन र अर्न्तवार्ता।
(ख) परीक्षा कार्यक्रम प्रारम्भिक योग्यताक्रम सूची प्रकाशित गरेको मितिमा तोकिनेछ।
३. **पेस गर्नुपर्ने कागजातहरु**: दरखास्त फाराम बमोजिमको वैयक्तिक विवरण, नेपाली नगरिकताको प्रमाण-पत्र, शैक्षिक योग्यताका प्रमाणपत्र (नेपाल बाहिरको प्रमाण-पत्र भए, सम्बन्धित निकायहरुबाट Equivalence गरिएको प्रमाणपत्र), चारित्रिक प्रमाणपत्र, तालिम र कार्य अनुभवको प्रमाण-पत्रहरु १/१ प्रतिका दरले तथा हालसालै खिचेको पार्सपोर्ट साईजको फोटो ३ प्रति।
४. **आवेदकको उमेरको हद**: लोकसेवा आयोगको नियमअनुसार तोकिएको हद।
५. **दरखास्त फारम**: यस कार्यालयको website http://www.dhangadhimaimun.gov.np बाट Download गर्नुहुन।
६. **आवेदन बुझाउने स्थान**: धनगढीमाई नगरकार्यपालिकाको कार्यालय, प्रशासन शाखा।
७. **तलब तथा अन्य सुविधा**: नेपाल सरकारले तोकेको रा.प. तृतीय श्रेणीको आधारभूत तलब सरह।
८. **कार्य विवरण**: प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रममा उल्लेख भए बमोजिमका कार्यहरु।
९. **आवेदन दिने अन्तिम मिति**: यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन अर्थात २०७७।१०।१५ गते कार्यालय समय भित्र।
१०. **थप जानकारीको लागि**: कार्यालय समयभित्र यस कार्यालयमा वा कार्यालयको टेलिफोन नं. ०३३-५४५२७१, ९८४२८२७५८१, ९८१९९८९८९८ मा सम्पर्क गर्न सकिनेछ।

शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

**नोटः** *"पेश गरिने सबै कागजातहरुको प्रतिलिपीहरुको पछाडिपट्टि उम्मेदवार स्वंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ।"*

# धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

**(दोश्रो पटक प्रकाशित मिति : २०७७।१०।०१ गते)**

प्रस्तुत विषयमा यस धनगढीमाई नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को लागि तपसिल बमोजिम कर्मचारी सेवा करारमा पद पूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उमेदवारहरुबाट दरखास्त आवहान गरिएको छ।

**तपसलिः**

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | माग संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०३/२०७७/०७८ | उद्यम विकाश सहजकर्ता | १ | रु. ८०० | यस अघि छनौट गरी नियुक्त गरेको मध्ये एक जनाले सेवा छाडेको हुदाँ सो स्थान पूर्ती गर्न । |

**आवश्यक न्यूनत्तम योग्यता र अनुभवः**

१. **शैक्षिक योग्यताः**
क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सम्वन्धी डिप्लोमा कोर्ष उत्तिर्ण गरेको, वा
ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सिप परिक्षण तह २ वा ३ उत्तीर्ण गरेको, वा
ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिईभिटि) बाट मान्यता उद्यम विकास सहजकर्ता सम्वन्धी प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तीर्ण गरेको।

२. **कार्य अनुभवः**
लघु उद्यम वा व्यवसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा कम्तीमा एक वर्ष काम गरेको हुनु पर्ने।

३. **दरखास्त दिने स्थानः** धनगढीमाई नगरपालिकाको कार्यालय, धनगढी, सिरहा।
४. **दरखास्त दिने अन्तिम मितिः** २०७७।१०।०५ गते सम्म कार्यालय समय भित्र।
५. **दरखास्त फाराम पाईने स्थानः** धनगढीमाई नगरपालिकाको वेबसाईड वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने।
६. **छनौटको किसिमः** प्रारम्भिक योग्यता क्रमको सुचि प्रकाशन, लिखित परिक्षा र / वा अन्तरवार्ता।
७. **आवेदन तथा संलग्न कागजातहरुः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरुः
क) नागरिकताको प्रमाणित प्रतिलिपि। ख) न्यूनत्तम योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि।
ग) चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि। घ) अनुभव खुल्ने कागजात।
ङ) २ प्रति पासपोर्ट साईजको फोटो।
८. **सेवा सुविधाः** नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

**नोटः** यस पदको लागि आवेदन ईमेल मार्फत पनि दिन सकिने छ र यसका लागि आवेदन र आवश्यक सबै कागजातहरु यस कार्यालयको इमेल ठेगाना ito.dhangadhimaimun@gmail.com मार्फत पठाउन र आवेदन दस्तुर वापतको रकम यस कार्यालयको बैंक NCC Bank Ltd., धनगढी शाखा, खाता नं. १४२००००४०८०१ मा जम्मा गरी भौचर समेत ईमेलमा पठाई आवेदन दिनु हुन व्यहोरा सम्वन्धित सबैमा जानकारी गराईन्छ।

**शिवराज चौलागाई**
**प्रमुख प्रशासकीय अधिकृत**

**विस्तृत जानकारीको लागि सम्पर्क नं. ०३३-५४५२७१**

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)